त्रिभुवन विश्वविद्यालय

# वन विज्ञान अध्ययन संस्थान

# पोखरा क्याम्पस

पोखरा, नेपाल

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत, (२०७९)

वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस पोखरा


च.नं.:

मिति: २०८२।१०।१४

## सूचना

मधेश प्रदेश सरकार,वन तथा वातावरण मन्त्रालयको मिति २०८२।१०।१३ गतेको पत्रानुसार वन विज्ञानसँग सम्बन्धीत विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई अनुसन्धानको अनुदान (Thesis Grant) सहयोग सम्बन्धी गोरखा पत्रमा प्रकाशित सूचना सरोकारवाला विद्यार्थीहरुलाई सूचित गर्नको लागि पत्राचार भएअनुसार योग्य विद्यार्थीहरुले यसै सूचनामा संलग्न सूचना अनुसार तोकिएको ढाँचामा Thesis Research Proposal समय सिमाभित्र बुझाउनुहुन सूचित गरिन्छ । विस्तृत जानकारीको लागि मन्त्रालयको वेवसाइट www.mofe.madhesh.gov.np मा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

JNSah 2082/10/14

डा.जीत नारायण साह

नि. क्याम्पस प्रमुख

नि. क्याम्पस प्रमुख

मधेश प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

## जनकपुरधाम, नेपाल

**प्रथम पटक प्रकाशित मिति : २०८२।१०।१३**

यस मन्त्रालयको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार वन विज्ञानसँग सम्बन्धित विषयमा स्नातक र स्नातकोतर तहमा अध्ययनरत विद्यार्थीहरूलाई अनुसन्धानका लागि अनुदान सहयोग उपलब्ध गराउन यो १५ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि यस मन्त्रालयको वेबसाइट **www.mofe.madhesh.gov.np** मा सम्पर्क राख्नुहुन अनुरोध छ।

Province Government

Madhesh Province

Ministry of Forest and Environment

Janakpurdham, Nepal

**First Published date: 27 January 2026**

## Call for Bachelor's and Master's Thesis Research Proposal

Ministry of Forest and Environment invites proposal from the eligible students pursuing their final year studies at Bachelor or Master Level in Forestry Science, Environmental Science, Natural Resource Management, Soil conservation and Watershed Management, Wildlife Management, Wood Technology and Participatory Forest Management in institutions affiliated to Nepalese Universities to support their dissertation. The study must be conducted within Madhesh Province. The **thematic** areas of research should include:

- Invasive Alien Species Management
- Watershed Management
- Participative Forest Management
- Application of Remote sensing & GIS in Forest or Natural Resource Management
- Wildlife Conservation, Management and Human Wildlife Conflicts
- Chure Conservation and Issues
- Environmental/Ecosystem Services
- Climate Change, REDD + and Carbon forestry
- Poverty Alleviation through NRM
- Forest Mensuration, Growth Modeling, Site Index, Volume Table and Forest management
- Biodiversity Conservation
- Participative Forest Management
- Medicinal and Aromatic Plants (MAPs) and NTFPs Conservation, Cultivation, Marketing, Packaging, Value Chain etc. and Forest Based Industries.

- Plant Species Conservation and Management
- Ecotourism/Cultural Tourism/Religious Tourism
- Grassland/Rangeland Management
- Agroforestry
- Forest land restoration
- Regional Floras and Taxonomic Revisions
- Other allied subjects quoted by concerned academic institutions

**Particular Themes**

1. Forest fire in Rautahat district
2. Land-use Land cover change in Rautahat district
3. Human Elephant and Human Tiger conflict in the Rautahat district
4. Invasive alien species in Rautahat District
5. Private Forest in Rautahat district
6. Nursery pest and diseases in Rautahat District
7. Community and Collaborative Forest in Rautahat District
8. Chure management in Rautahat District
9. Human blue bull conflict in Rautahat District
10. Bamboo plantation in Chure in Rautahat District
11. Role of Conservation Pond in Rautahat District
12. Forest Encroachment in Rautahat District
13. Forest Based industries in Rautahat District
14. Wildlife behavior change (Monkey behavior change due to human feeding)
15. Contribution of Private forest in Forest Based industries in Rautahat District
16. Fire Risk Mapping of Bara District
17. Spatial and Temporal Pattern of Forest Fires in Bara District
18. Distribution Mapping and Hotspot Analysis of Invasive Species of Bara
19. Ecological effect of IAS on Understory Biodiversity
20. Influence of Landscape Fragmentation on Wildlife Movement
21. Human Wildlife conflict and psychological stress on local communities
22. Farmer preference and determinants of Tree outside Forest Planting.
23. Soil fertility improvement under Agroforestry System
24. Comparative accuracy of Standing-Tree volume Formulae versus Felled-Tree measurements
25. Social and Ecological Impacts of Sand, Boulder, and Gravel Excavation
26. Ecological/Functional diversity in managed and un-managed forest
27. Nursery management (Private/Government)
28. Assessment of plantation Success Rate
29. Current status of Agroforestry systems and possibilities
30. Study of Human wildlife conflict, its reasons, impact and co-existence.

31. Identification and mapping of land in Chure and River upland areas for tree plantation (Chure for plantation and identification and mapping of River upwelling area (नदी उकास क्षेत्र))
32. Impact assessment on forest and environment due to climate change
33. Tree Outside forests/Other effective area based conservation Measures(OECM) status and its expansion possibilities
34. Carbon stock measurement and credit possibilities on Community forests and private forest
35. Identification of herbs, study of its volume and market structure
36. Sustainable Forest Management
37. Integrated watershed management
38. Community based forest management
39. Assessment and management measures of Invasive Alien Species
40. Forest fire reasons, impact, management measures, forest fire risk mapping
41. Study of status and challenges of Biodiversity Conservation
42. Forest based enterprise status and possibilities

Madhesh Province Government
Ministry of Forests and Environment
Janakpurdham, Nepal

Interested and eligible candidates are requested to apply for the grant support with following documents attached with application letter

a) Student application
b) Research proposal in standard format.
c) Recent resume of candidate and supervisor
d) Recommendation letter from supervisor in University letterhead
e) Official letter from the University

The proposal must be submitted to the Ministry no later than **11 February 2026**. **Both the electronic copy and printed copy are acceptable.** Applicant can either submit manually or send it to email given below. Short listed candidates will be called for presentation at the Ministry, and the final candidates will be notified via website.

The maximum grant amount shall be NRs. 45,000 per student for fourteen (14) Master's level students and NRs. 35,000 per student for sixteen (16) Bachelor's level students.

# Proposal Format

**(Proposal should be written in Times New Roman, 12 size font with 1.5 spacing)**

Madhesh Province Government
Ministry of Forests and Environment
Janakpurdham, Nepal

**Cover page (1 page)**

Abstract (Not more than 200 words)

1. Introduction/ Background (Not more than 600 words)
2. Problem Statement and Justification (Not more than 600 words)
3. Objectives (General and Specific objectives, Research questions/hypothesis)
4. Materials and Methods (Study area, sampling design, data collection and data analysis)
5. Expected Output and Dissemination (Not more than 150 words)
6. Time Schedule
7. Budget
8. References

Note: There will be no tolerance for plagiarism, and applicants who have already submitted or received funding for the same proposal are not eligible.

For Further Information, Please contact

**Mr. Beshij Karki**

**Phone No.: 9862511116**

**Email: thesisgrantmofe2@gmail.com**

**Ministry of Forest and Environment**

**Janakpurdham, Dhanusha, Nepal**

मा. त्रिभुवन साह
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

# आर्थिक वर्ष २०८१/०८२ को विनियोजित बजेट कार्यान्वयन गर्नको लागि शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१

मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

<u>प्रस्तावना</u>: मधेश प्रदेशमा रहेको वन, वनस्पति, जडिबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको संरक्षण, व्यवस्थापन र दिगो उपयोगको बारेमा अनुसन्धान गर्ने विद्यार्थीहरुलाई सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गर्दै सीप र क्षमताको विकास गर्ने र प्रदेशभित्र प्राथमिकतामा रहेको अध्ययन अनुसन्धानको क्षेत्रहरुमा योगदान पुऱ्याउने उद्देश्यले वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले आ.व. २०८१/०८२ मा विनियोजित बजेट कार्यान्वयन गर्नको लागि शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने कार्यक्रमलाई अघि सारेको छ। यस कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउन आवश्यक भएकोले मधेश प्रदेश सरकारको मिति २०८१/१०/१५ गतेको प्र.म.प.वै.सं. ३४/०८१ को अधिकार प्रत्यायोजन सम्बन्धी अधिकार प्रयोग गरी यस मन्त्रालयले यो कार्यविधि तयार गरी जारी गरेको छ।

## परिच्छेद:१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो कार्यविधिको नाम "आर्थिक वर्ष २०८१/०८२ को विनियोजित बजेट कार्यान्वयन गर्नको लागि शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "शोधपत्र" भन्नाले कुनै विश्वविद्यालय वा अन्तर्गतका कलेजहरुको विद्यार्थीद्वारा स्नातक वा स्नाकोत्तर अध्ययनको आंशिक भाग पुरा गर्नको लागि गरिने थेसिस सम्झनु पर्दछ।

(ख) "शोधपत्र अनुसन्धान सहयोग" भन्नाले लागत अनुमान बमोजिम शोधपत्र तयार गर्न अनुसन्धान सहयोग वापत प्रधान गरिने रकम सम्झनु पर्दछ।

(उद्धव बहादुर घिमिरे)
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. त्रिभुवन साह

(ग) "विश्वविद्यालय" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त वन, वनस्पति, वातावरण, जडिबुटी, जलाधार व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन, पर्यापर्यटन तथा जलवायु परिवर्तन विज्ञान विषयमा कम्तिमा स्नातक तहको अध्ययन कार्यक्रम सञ्चालन गरिरहेको विश्वविद्यालयहरु वा वा सम्बन्धन प्राप्त कलेजहरु सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले मधेश प्रदेश वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन गरिएको समितिलाई सम्झनु पर्छ।

(च) "शोधपत्र कर्ता" भन्नाले अनुसूची २ मा तोकिए बमोजिम विषयवस्तुमा शोधपत्र तयार गर्ने विद्यार्थी सम्झनु पर्दछ।

## परिच्छेदः२

## शोधपत्र प्रस्ताव छनौट समिति गठन र सञ्चालन

३. मूल्यांकन तथा छनौट समितिः (१) शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने देहाय बमोजिमको मूल्याङ्कन तथा छनौट समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, मन्त्रालय | संयोजक |
| (ख) वन अधिकृत, जैविक विविधता शाखा, मन्त्रालय | सदस्य |
| (ग) भू संरक्षण अधिकृत, भू तथा जलाधार शाखा, मन्त्रालय | सदस्य |
| (घ) वन अधिकृत, मन्त्रालय | सदस्य |
| (ङ) वन अधिकृत, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा २ जना विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(उद्धव बहादुर घिमिरे)
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

४. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क)दफा ३ को उपदफा (१) बमोजिम गठित समितिले तोकिएको समय अवधिभित्र अनुसूची २ मा उल्लेखित विषयहरुमा अनुसूची ३ बमोजिमको ढाँचामा प्राप्त शोधपत्र प्रस्तावहरुलाई अनुसूची ५ बमोजिमको मूल्यांकन मापदण्डका आधारमा मूल्यांकन गरी शोधपत्र कर्ताहरुको छोटो सूची (Short List) प्रकाशन गर्ने।

(ख) खण्ड (क) बमोजिम छोटो सूची (Short List) मा परेका शोधपत्र कर्ताहरुको विषय विज्ञको उपस्थितिमा प्रस्तुतीकरण गराई मूल्यांकन गरी छनौट भएका शोधपत्र कर्ताहरुको अन्तिम नामावली मन्त्रालयमा सिफारिस गर्ने।

(ग) आवश्यकता अनुसार अन्य आवश्यक कार्यहरू गर्ने ।

## परिच्छेद: ३

## शोधपत्र अनुसन्धान सहयोग सम्बन्धी व्यवस्था

५. <u>सूचना प्रकाशन, प्रस्ताव माग र छनौट:</u> (१) स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटको आधारमा लागत इष्टिमेट तयार गरी कम्तिममा पन्ध्र (१५) दिनको समय दिई अनुसूची १ को आवेदन फारम भर्न लगाई अनुसूची २ का विषयमा अनुसूची ३ को ढाँचामा अनुसूची ४ मा उल्लेखित आवश्यक कागजातहरु सहित शोधपत्र प्रस्ताव माग गरिने छ।

(२) उपदफा (१) बमोजिमको समय अवधिभित्र प्राप्त भएका शोधपत्र प्रस्तावहरु अध्यावधिक गरी दफा ३ बमोजिमको गठित समितिले अनुसूची ५ बमोजिमको मूल्यांकन मापदण्डको आधारमा शोधपत्र कर्ताहरुको छोटो सूची तयार पारी मन्त्रालयमा पेश गर्नेछ।

(३) छोटो सूचीमा छनौट भएका शोधपत्र कर्ताहरुलाई शोधपत्र प्रस्तावको प्रस्तुतीकरणका लागि मन्त्रालयले कम्तिमा सात (७) दिनको सूचना दिई बोलाउनेछ ।

मधेश प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय जनकपुरधाम, नेपाल

उद्धव बहादुर घिमिरे। प्रदेश सचिव

मा. त्रिभुवन साह
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

(४) उपदफा (३) बमोजिम छोटो सूचीमा परेका शोधपत्र कर्ताहरुको प्रस्तुतीकरण दफा ३ बमोजिम गठित समिति र विषय विज्ञबाट मूल्याङ्कन गराई छनौट भएका शोधपत्र कर्ताहरुको अन्तिम नामावली समितिले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम समितिले पेश गरेको शोधपत्र कर्ताहरुको अन्तिम नामावलीको आधारमा अनुसन्धान सहयोग रकम उपलब्ध गराउने बारे मन्त्रालयले निर्णय गर्नेछ।

(६) छनौट भएका शोधपत्र कर्तालाई ७ दिनको सूचना दिई सम्झौताको लागि मन्त्रालयमा बोलाई शोधपत्र कर्ता र यस मन्त्रालय बीच अनुसूची ६ बमोजिमको ढाँचामा एक सम्झौता गर्नु पर्नेछ।

६. <u>शोधपत्र अनुसन्धान सहयोग रकम भुक्तानीको व्यवस्था:</u> दफा ५ को उपदफा (६) बमोजिम सम्झौता गर्न आएका शोधपत्र कर्ताहरुलाई विश्वविद्यालय वा अन्तर्गतका कलेज र सुपरिवेक्षकबाट स्वीकृत शोधपत्र अनुसन्धान प्रतिवेदन बुझाए पश्चात नियमानुसार निजको व्यक्तिगत खातामा उपलब्ध गराईनेछ।

७. <u>शोधपत्र अनुसन्धान सहयोग उपलब्ध नगराउने अवस्था:</u> (१) विश्वविद्यालय वा अन्तर्गतका कलेजले शोधपत्र नियमित नगरेको भन्ने जानकारी गराएमा।

(२) शोधपत्र कर्ता स्वयंले शोधपत्रको कार्य बीचैमा छोडेमा।

(३) गुणस्तरीय शोधपत्र तयार गर्न नसकेका कारण विश्वविद्यालय वा अन्तर्गतका कलेजबाट शोधपत्र अस्वीकृत भएमा।

(४) शोधपत्र कर्ताले शोधपत्र अनुसन्धान सहयोग लिन अस्वीकार गरेमा।

परिच्छेद: ४

<u>विविध</u>

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(उद्धव बहादुर घिमिरे)
प्रदेश सचिव

मा. त्रिभुवन साह

वन तथा ... मन्त्रालय
मधेश प्र... ...पुरधाम

८. <u>कारवाही गरिने:</u> शोधपत्र अनुसन्धानको लागि प्राप्त रकम सदुपयोग नभएमा वा दफा ७ बमोजिम कार्य गरेमा त्यस्ता विद्यार्थिलाई भविष्यमा मन्त्रालय वा अन्तर्गतका कार्यालयबाट प्रदान गरिने त्यस्ता सुविधाहरु उपलब्ध गराईने छैन। साथै प्रचलित कानून बमोजिम आवश्यक कारवाही समेत गरिनेछ।

९. <u>फारम, ढाँचा वा नमुना बनाउन सक्ने:</u> मन्त्रालयले यस कार्यविधि कार्यान्वयनको लागि आवश्यक पर्ने फारम, ढाँचा वा नमूना बनाई प्रयोग गर्न गराउन सक्नेछ।

१०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

११. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

( उद्धव बहादुर घिमिरे )
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. त्रिभुवन साह
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

अनुसूची १

दफा ५ को उपदफा (१) सँग सम्बन्धित ।

## आवेदन फारम

१. आवेदन गरेको शैक्षिक कार्यक्रमः.................................................

२. शोधपत्र कर्ताको नामः (देवनागरिक लिपिमा).............................................

३. शोधपत्र कर्ताको नामः (अंग्रजीमा).................................................

४. जन्म मितिः................................................

५. लिङ्गः पुरुषः महिलाः

६. बाबुको नामः...............................................आमाको नामः.................................

७. सम्पर्क मोबाईल नं. ............................ इमेलः ...........................................

८. स्थाई ठेगानाः ...................................................९. प्यान नं. ............................

१०.शोधपत्र अनुसन्धानको शीर्षकः ...............................................................

११.अध्ययनरत क्याम्पस/विभागको नामः ................................................

१२.शैक्षिक योग्यता (माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेखे)

| अध्ययनको तह | अध्ययन गरेको संस्था | उतीर्ण गरेको वर्ष | प्राप्तङ्क प्रतिशत | मुख्य विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

शोधपत्र सुपरिवेक्षकको
नामः
पदः

शोधपत्र कर्ताको
दस्तखतः
नामः
ठेगानाः
नागरिकता नं.
जारी गर्ने जिल्लाः
जारी मितिः

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(उद्धव बहादुर थिगिरे)
प्रदेश सचिव

अनुसूची २

दफा ४ को खण्ड (क) र दफा ५ को उपदफा (१) सँग सम्वन्धित ।

## शोधपत्र/अनुसन्धान का विषयहरु

- ✓ Invasive Alien Plant Species Management
- ✓ Urban Forestry
- ✓ Watershed Management
- ✓ Participatory/Participative Forest Management
- ✓ Application of Remote sensing & GIS in Forest or Natural Resource Management
- ✓ Wildlife Conservation, Management and Human Wildlife Conflicts
- ✓ Chure Conservation and Issues
- ✓ Environmental/Ecosystem Services
- ✓ Climate Change, REDD+ and Carbon Forestry
- ✓ Poverty Alleviation through Natural Resource Management
- ✓ Forest Mensuration, Growth Modeling, Site Index, Volume Table and Forest management
- ✓ Biodiversity Conservation, Indigenous Knowledge of Plant Use, Conservation
- ✓ Medicinal and Aromatic Plants (MAPs) and NTFPs Conservation, Cultivation, Marketing, Packaging, Value Chain etc. and Forest Based Industries
- ✓ Plant Species Conservation and Management
- ✓ Ecotourism/Cultural Tourism/Religious Tourism
- ✓ Grassland/Rangeland Management
- ✓ Agroforestry
- ✓ Forest Land Restoration
- ✓ Regional Flora and Taxonomic Revisions
- ✓ Other Allied Subjects (Priority of Madhesh Province)

नोटः शोधपत्र प्रस्तावको अध्ययन क्षेत्र मधेश प्रदेशभित्र हुनु पर्नेछ। अन्यथा शोधपत्र प्रस्तावलाई मूल्यांकन तथा छनौट प्रक्रियामा समावेश गरिने छैन।

(उद्धव बहादुर घिमिरे)
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

अनुसूची ३

दफा ४ को खण्ड (क) र दफा ५ को उपदफा (१) सँग सम्बन्धित ।

## शोधपत्र प्रस्तावको ढाँचा

Cover page (1 page)

Abstract (Not more than 200 words)

1. Introduction/ Background (Not more than 600 words)
2. Problem Statement and Justification (Not more than 600 words)
3. Objectives (General and Specific Objectives, Research Questions/Hypothesis)
4. Materials and Methods (Study Area, Sampling Design, Data Collection and Data Analysis)
5. Expected Output and Dissemination (Not more than 150 words)
6. Time Schedule
7. Budget
8. References

**Note:** No excuse for plagiarist, and the candidates who already applied or got grant with the same proposal. All proposals will be checked for plagiarism before submitting to evaluation committee.

(उद्धव बहादुर घिमिरे)
प्रदेश सचिव

मा. त्रिभुवन साह
बन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम

अनुसूची ४

दफा ५ को उपदफा (१) सँग सम्बन्धित ।

शोधपत्र प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजातहरु

1. Student Application
2. Research Proposal in Standard Format
3. Recent Resume of Supervisor and Student
4. Recommendation Letter from Supervisor on University Letterhead

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

(उद्धव बहादुर थिगिरे)
प्रदेश सचिव

मा. त्रिभुवन सा...
वन तथा ...
मधेश प्रदेश ...

अनुसूची ५

दफा ४ को खण्ड (क) र दफा ५ को उपदफा (२) सँग सम्वन्धित ।

शोधपत्र प्रस्ताव मूल्याङ्कन मापदण्ड

पूर्णाकः १००

| क.स | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | शोधपत्र प्रस्तावको मूल्यांकन | ५० | |
| २ | प्रदेश स्थायी बासिन्दा/अन्य प्रदेश | १०/५ | |
| ३ | महिला/आदिवासी/जनजाति/दलित | ५ | |
| ४ | प्रस्तुतीकरण | ३५ | |
| | जम्मा | १०० | |

नोटः उम्मेदवारले प्राप्त गरेको अंक बराबर भएमा क्रमशः अपाङ्गता, दलित, जनजाती र भौगोलिक क्षेत्रको आधारमा प्राथमिकता दिईनेछ।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

उद्धव बहादुर घिमिरे
प्रदेश सचिव

मा. त्रिभुवन सिंह
मन्त्री
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

अनुसूची ६

दफा ५ को उपदफा (६) सँग सम्बन्धित ।

<u>सम्झौता पत्रको नमुना</u>

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश (यस पछि प्रथम पक्ष भनिएको) र ..............................................(यस पछि दोस्रो पक्ष भनिएको) बीच शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धमा यो सम्झौता गरी एक एक प्रति लियौं दियौं।

१. दोस्रो पक्षले.............................................................................................. शीर्षकमा अध्ययन क्षेत्र मधेश प्रदेशभित्र राखी शोधपत्र तयार गर्नु पर्नेछ।

२. मिति ............................................ भित्र शोधपत्र तयार गरी एक (Soft Copy र Hard Copy) प्रति पहिलो पक्षलाई बुझाउनु पर्नेछ। उक्त अवधि भित्र शोधपत्र तयार हुन नसकेमा सम्बन्धित सुपरिवेक्षकको सिफारिस साथ शोधपत्र तयार हुन नसक्नुको कारण सहित दोस्रो पक्षले निवेदन पेश गरेमा पहिलो पक्षले म्याद थप गर्न सक्नेछ। थपिएको अवधि भित्र पनि दोस्रो पक्षले शोधपत्र तयार गर्न नसकेमा यो सम्झौता स्वतः बदर भएको मानिनेछ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई विश्वविद्यालय वा अन्तर्गतका कलेज र सुपरिवेक्षकबाट स्वीकृत शोधपत्र प्रतिवेदन पेश गरे पश्चात मात्र शोधपत्र कर्ताको बैंक खातामा रकम भुक्तानी गर्नेछ। यदि विश्वविद्यालय वा अन्तर्गतका कलेजहरुको आन्तरिक समस्याको कारणले समयमा प्रस्तुतीकरण नभई स्वीकृत शोधपत्र प्रतिवेदन पेश गर्न ढिलो हुने खण्डमा विश्वविद्यालय वा अन्तर्गतका कलेज र सुपरिवेक्षकको सिफारिसमा पछि स्वीकृत प्रतिवेदन पेश गर्ने सर्तमा रकम भुक्तानी गर्न सकिनेछ।

४. शोधपत्र तयार गर्दा स्थलगत रुपमा प्राथमिक तथ्यांक (Primary Data) संकलन गरि आधिकारीक विवरण र तथ्यांकहरुलाई आधार बनाई गर्नु पर्नेछ। सन्दर्भ सामाग्रीको रुपमा द्वितीय तथ्यांक

(उद्धव बहादुर घिमिरे)
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. त्रिभुवन साह

वन तथा वातावरण मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

(Secondary Data) प्रयोग गर्न सकिने छ। शोधपत्रको तथ्यांक र विवरणहरु झुठा देखिएमा पहिलो पक्षले दोस्रो पक्षलाई अनुसन्धान सहयोग भुक्तान गर्न बाध्य हुने छैन।

५. पहिलो पक्षले दोस्रो पक्षलाई तोकिएको अनुसन्धान सहयोग बाहेक अन्य केही सुविधा उपलब्ध गराउने छैन।

६. शोधपत्र तयार गर्दा हुने सम्पूर्ण कार्यको जवाफदेहिता र उत्तरदायित्व दोस्रो पक्षको हुनेछ।

७. यस सम्झौतामा समावेश नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

| सम्झौताको दोस्रो पक्ष | सम्झौताको प्रथम पक्ष |
| --- | --- |
| नामः | नामः |
| ठेगानाः | पदः |
| नागरिकता नं. | दस्तखतः |
| जारी गर्ने जिल्लाः | मितिः |
| जारी मितिः | कार्यालयको छापः |
| दस्तखतः | |
| मितिः | |

साक्षीः

१.

२.

३.

इति सम्वत् ..................साल................महिना ..........गते रोज .........शुभम्।

(उद्धव बहादुर घिमिरे)
प्रदेश सचिव

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, नेपाल